# कार्यक्रम कार्यान्वयन कार्यविधि

# Program Implementation Procedure

आर्थिक वर्ष २०८२/८३

पूर्वखोला गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाबाट कार्यान्वयन हुने
कार्यक्रमसँग सम्वन्धित

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला ३ रिङनेरह पाल्पा
लुम्विनी प्रदेश नेपाल

# कार्यक्रम कार्यान्वयन कार्यविधि

# Program Implementation Procedure

*आर्थिक वर्ष २०८२/८३*

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

पूर्वखोला गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्वन्धित

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला ३ रिङनेरह पाल्पा
लुम्बिनी प्रदेश नेपाल

पूर्वखोला गाउँपालिका
कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# विषय सूचि


| | शिर्षक | पृष्ट |
|---|---|---|
| १ | परिचय | ३-४ |
| २ | कार्यक्रमले सहयोग पुर्याउने क्षेत्र र उदेष्यहरु | ५-६ |
| ३ | कार्यक्रम कार्यान्वयन कार्यविधि निर्माणको उदेश्य | ६- |
| ४ | आ.व. २०८२।८३ मा कार्यान्वयन हुने कार्यक्रमहरु र वजेट | ६-८ |
| ५ | कार्यक्रम कार्यान्वयन प्रक्रिया एंवम मापदण्ड | ८-२५ |
| | | |
| | | |


नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

## १. परिचय

आर्थिक वर्ष २०८२।८३ को पूर्वखोला गाउँपालिकाको नीति तथा कार्यक्रम एंवम वजेट वक्तब्यमा विद्यालय शिक्षा तर्फ संघिय,प्रदेश तथा स्थानीय सरकारको समन्वय तथा सहयोगमा आम नागरिक समक्ष गुणस्तरिय शिक्षाको पहुँच अभिवृद्धिका लागि कार्यक्रम सन्चालन गरिने, .शिक्षालाई जिवनउपयोगी ,आधुनिक, विज्ञान र सूचना प्रविधिमा आधारित, ब्यवसायीक र अनुसन्धानमुखी वनाइने, शिक्षा र खेलकुदमा लगानी अभिवृद्धि गरि राष्टियताको भावना वोकेका, सस्कार, सिप र क्षमतावान विद्यार्थी तयार गर्न प्रयत्न गरिने, अभिभावक विहिन विद्यार्थीको शिक्षा निरन्तरताका लागि अभिभावक विहिन शिक्षा कार्यक्रमलाई निरन्तरता दिइने, महिला शिक्षक सुत्केरी विदामा वस्दा सिकाइ कार्य लाई निरन्तरता दिन स्वयंसेवक शिक्षकको ब्यवस्थापन लाई निरन्तरता दिइने, न्यून पारिश्रमिक भएका शिक्षक तथा कर्मचारीका लागि प्रोत्साहन अनुदानको ब्यवस्थालाई निरन्तरता दिइने, शैक्षिक क्षमता तथा गुणस्तर वृद्धिका लागि शैक्षिक सामाग्री सहितको प्रविधिमैत्री कक्षाकोठा ब्यवस्थापनमा जोड दिइने, विद्यालयको वातावरण स्वच्छ,हराभरा राख्न विद्यालयहरुमा फूलवारी,वालउद्यान,करेशावारी जस्ता कार्यक्रम सन्चालन गरिने, वालविकास कक्षाहरुमा ब्यवस्थित सिकाइ कुना निर्माणका लागि पहल गरिने, .शिक्षकको क्षमता विकासका लागि शिक्षक क्षमता विकास तालिम तथा मोटिभेसन कार्यक्रम सन्चालन गरिने, कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरुको सिकाइ उपलब्धि मूल्याङकन अभिलेख ब्यवस्थित गरिने, विद्यार्थीहरुको प्रतिभा पहिचानका लागि विभिन्न अतिरिक्त कार्यकलाप सन्चालन गरिने, विद्यार्थीहरुको शैक्षिक उपलब्धि वृद्धि तथा वालविवाह र आत्महत्या न्यूनिकरणका लागि विद्यालयमा विद्यार्थी मोटिभेसन तथा परामर्श कक्षा सन्चालन गरिने, समग्र शैक्षिक विकासका लागि शैक्षिक सामाग्री निर्माण तथा पर्दशनी कार्यक्रम सन्चालन गरिने, राष्टका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद भन्ने नारालाई साकार पार्न खेलकुद तथा योग शिक्षा कार्यक्रम सन्चालन गरिनुका साथै खेल प्रशिक्षकका माध्यमवाट खेल गतिविधिलाई थप प्रभावकारी वनाइने, शिक्षा विकासका लागि विद्यालय अनुगमन अभिभावक शिक्षा तथा शिक्षक मेन्टरिङ कार्यक्रम सन्चालन गरिने, विद्यार्थीहरुका लागि पढदै कमाउदै कार्यक्रम सन्चालन गरिने, स्थानिय भाषा संरक्षणका लागि प्राथमिक तहमा मगर भाषाको शिक्षण कार्यक्रम सन्चालनका लागि आवश्यक ब्यवस्था गरिने, शैक्षिक खोज अनुसन्धान तथा नवप्रवर्धनका लागि कार्यक्रम सन्चालन गरिने, उत्कृष्ट विद्यार्थी विद्यालय तथा शिक्षक सम्मान कार्यक्रम लाई निरन्तरता दिइने, वालमैत्री विद्यालय निर्माणका लागि आवश्यक कार्यक्रम संचालन गरिने, .विद्यालय दिवा खाजा कार्यक्रमलाई ब्यवस्थित वनाउन अनुगमन कार्यक्रम सन्चालन गरिने, .कक्षा ४ र ५ को स्थानिय पाठ्यपुस्तक छपाई तथा वितरण कार्य सम्पन्न गरिने, अति न्यून विद्यार्थी भएका विद्यालय तथा कक्षाहरु नजिकैको विद्यालयमा समायोजन गर्ने कार्यक्रम लाई निरन्तरता दिइने, कक्षा ११ ।१२ अध्ययनरत छात्रा प्रोत्साहन कार्यक्रम लाई निरन्तरता दिइने, विद्यालयहरुमा आमा अभिभावकहरुको समुह गठन गरि अभिभावक शिक्षा र आयआर्जन लाई सम्यूक्त रुपमा सन्चालन गरिने, विद्यार्थीहरुको क्षमता वृद्धिका लागि विद्यालयहरुमा वाल कलव, रेडक्रस ,स्काउट, वातावरणीय समुह गठन गरि क्रियासिल वनाउने कार्यक्रम सन्चालन गरिने, नमूना विद्यालय विकास तथा विग स्कूल कार्यक्रम सन्चालनका लागि थप पहल गरिने, दरवन्दी मिलान र गाउँपालिका शिक्षक अनुदान कार्यक्रमलाई निरन्तरता दिइने जस्ता कार्यक्रमहरु सञ्चालन गरिने विषय उल्लेख भएको छ।

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

विद्यालयहरुमा सिकारुमैत्री शैक्षिक वातावरण निर्माण गरि शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै ,सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै ,शिक्षा र सिकाइको अवसर प्रदान गर्नका लागि तोकिएको शीर्षक तथा क्रियाकलाप र कार्यक्रमहरुमा खर्च गर्ने वातावरण निर्माण गरि स्रोतको अधिकतम उपयोगका लागि सहजीकरण गर्न ,आर्थीक अनुशासन कायम गरि तोकिएका शीर्षकहरुमा नियमानुसार खर्च गर्न, विद्यालय तह सम्मका सवै सरोकारवालाहरुलाई कार्यक्रमवारे परिचित गराई कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न यो कार्यविधि तयार गरिएको हो । यस्ता कार्यक्रमहरुले संघिय सरकारले तयार गरेको शिक्षा क्षेत्रको लक्ष्य तथा उदेश्य प्राप्तिमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

नेपनलको संविधान,राष्टिय शिक्षा नीति, अनिवार्य शिक्षा दिगो विकास लक्ष्य सोहो योजना तथा विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन कानूनले प्राथमिकतामा राखेका विषयहरुलाई संघिय संरचना अनुसार सहयोग गरि शिक्षा क्षेत्रका योजनाहरु सफल पार्नु आजको आवश्यकता हो ।विद्यालय शिक्षालाई गुणस्तरीय समावेशी सर्वसुलभ र जिवन उपयोगी वनाउनका लागि संघिय र प्रदेश सरकारको शिक्षा क्षेत्रमा वृहत लगानीका साथै स्थानीय तहको समेत लगानी आवश्यक पर्दछ ।

संघिय सरकारको SESP को कार्यान्वयनले समग्र शिक्षा क्षेत्रलाई रुपान्तरण तर्फ लगेको छ । शिक्षा क्षेत्रमा स्थानीय स्तरवाट समेत भएको लगानीले विद्यालय शिक्षाको अवस्थामा सकारात्मक सुधार आएको छ ।पछिल्ला वर्षहरुमा विषेश गरि वालवालिकाको शिक्षामा पहुच तथा सहभागिताको अवस्थामा ब्यापक वृद्धि भएको छ ।शिक्षाको मूलधारवाट वन्चित समुदायका वालवालिकाहरुलाई कार्यक्रम मार्फत मूलधारमा ल्याउने काम, छात्राहरुको टिकाउदरमा वृद्धि गर्ने, विद्यार्थीहरुलाई विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागी गराउने, शिक्षकलाई प्रोत्शाहन तथा पेशागत विकासमा सहभागी गराउने, गुणस्तर वृद्धकालागि गरिएका पहलकदम र विद्यालयको आवश्यकताका आधारमा भौतिक निर्माण र मर्मत कार्य आदिले पालिकाको समग्र शैक्षिक विकासमा टेवा पुगेको छ ।

गाउँपालिकावाट सन्चालित छात्रा छात्रवृति ,शैक्षिक सामाग्री प्रदर्शनी, स्थानीय पाठ्यपुस्तक अभिकुखिकरण कार्यक्रम ,महिला शिक्षक सुत्केरी विदामा वस्दाका लागि स्वयंसेवक शिक्षक ब्यवस्थापन, अभिभावक विहिन वालवालिका छात्रवृति, विद्यालय स्तरीय खेलकुद प्रतियोगिता, विद्यालय प्रअ,कर्मचारी,वालकक्षा शिक्षक,कार्यालय सहयोगी सामुदायीक सिकाइ केन्द्र परिचालक प्रोत्साहन कार्यक्रम, गाउँपालिका शिक्षक अनुदान, विद्यार्थीहरुका लागि वालविवाह न्यूनिकरण,मनोसामाजिक तथा शैक्षिक परामर्श कार्यक्रम, विद्यालय स्तरिय योजना निर्माण सम्वन्धि कार्यशाला, विद्यालय वातावरण सुधार कार्यक्रम (फूलवारी तथा सरसफाइ ), शिक्षक, विद्यालय कर्मचारी क्षमता विकास तथा तालिम कार्यक्रम जस्ता कार्यक्रमहरुले गाउँपालिकाको शिक्षा विकासमा थप सहयोग पुगेको छ ।गाउँपालिकाको जनसंख्या वृद्धि दर माइनसमा रहेकाले विद्यार्थी संख्या घटदो क्रममा रहे पनि शिक्षाको गुणस्तर र नतिजा सुधारउन्मुख रहेको छ।

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

२. कार्यक्रमले सहयोग पुर्याउने क्षेत्र र उदेष्यहरु

| क्र.स. | क्षेत्रहरु | उदेश्य |
|---|---|---|
| १. | प्रारम्भिक वालविकास तथा शिक्षा | १. वालकक्षा सहयोगीको शिक्षण क्षमता विकास गर्ने । <br> २. वालविकास केन्द्रहरु मापदणड अनुरुप सन्चालन गरि प्रारम्भिक वालविकास तथा शिक्षाका सेवाहरुलाई गुणस्तरीय वनाउने । |
| २. | आधारभूत शिक्षा | १. आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क गरि शिक्षामा समतामूलक पहूँच र सहभागिता वृद्धि गरि सिकाइ उपलब्धि सुधार गर्नु । |
| ३. | माध्यमिक शिक्षा | १.माध्यमिक तहको शिक्षामा सवैको समतामूलक पहूँच र सहभागिता सुनिश्चित गरि विद्यालयमा भर्ना तथा टिकाउ दर वढाउदै सिकाइ उपलब्धि सुधार गर्नु । |
| ४. | अन्तरसम्वन्धित विषयहरु | |
| | पाठ्यक्रम तथा मूल्याङकन | १.स्थानीय पाठ्यपुस्तकको निर्माण तथा अभिमुखिकरण गरि वालवालिकाको सिकाइ वृद्धि गर्नु । <br> २.विद्यार्थी निरन्तर मूल्याङकन प्रणाली र परीक्षा लाई थप व्यवस्थित गर्नु । |
| | शिक्षक व्यवस्थापन र विकास | १.शिक्षकको क्षमता विकास, निरन्तर पेशागत सहयोग र आवश्यक प्रोत्साहनको व्यवस्था गरि शिक्षक अभिप्रेरित गर्नु। <br> २आवश्यक प्रयास शिक्षकको व्यवस्थापन गर्नु । |
| | शैक्षिक समता र समावेशीकरण | १.सामाजिक,लैङ्गिक तथा आर्थिक कारणले पछि परेका लक्षित समुहका वालवालिका साथै विभेद,दुर्व्यवहार र हेपाइमा परेका वालवालिकालाई शिक्षाको पहुँचमा वृद्धि गरि गुणस्तरिय शैक्षिक सेवा प्रवाह गर्नु । |
| | शिक्षामा सूचना तथा संचार प्रविधि | १.सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक वनाउन सूचना तथा संचार प्रविधि (ICT) प्रयोग विस्तार गर्ने । <br> २.शिक्षाको समग्र व्यवस्थापनलाई सर्वसुलभ, सहज, प्रभावकारी, पारदर्शी र समतामूलक वनाउने । |
| | भौतिक पूर्वाधार विकास | १.विद्यालयको आवश्यक भौतिक पूर्वाधार विकास, मर्मत सम्भार तथा सवलीकरण गर्नु । <br> २.विद्यालयका लागि अत्यावश्यक सामाग्रीको व्यवस्थापन गर्नु । <br> ३.विद्यालयको वातावरण स्वच्छ सफा हराभरा वनाउनु। |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| | अतिरिक्त क्रियाकलाप तथा खेलकूद | १.वालवालिकामा स्वास्थ्य र राष्टको पहिचानका लागि खेलकूद भन्ने भावना वोध गराउदै खेल प्रति आकर्सित गर्नु। |
| | अभिभावक सक्रियता | १.विद्यालय र शिक्षा प्रति अभिभावकलाई जिम्मेवार वनाउनु । |

## ३. कार्यक्रम कार्यान्वयन कार्यविधि निर्माणको उदेश्य

१. विद्यालयहरुमा सिकारुमैत्री शैक्षिक वातावरण निर्माण गरि शिक्षामा सबै नागरिक (वालवालिका) को पहुँच र सहभागिता सुनिश्चित गर्दै ,सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने ।

२.शिक्षा र सिकाइको अवसर प्रदान गर्नका लागि तोकिएको शीर्षक तथा क्रियाकलाप र कार्यक्रमहरुमा उपलब्धि देखिने गरि खर्च गर्ने वातावरण निर्माण गरि सिमित स्रोतको अधिकतम उपयोगका लागि सहजीकरण गर्ने ।

३. आर्थिक अनुशासन कायम गरि तोकिएका शीर्षकहरुमा नियमानुसार खर्च गर्ने वातावरण तयार गर्ने।

४. विद्यालय तह सम्मका सँवै सरोकारवालाहरुलाई कार्यक्रमवारे परिचित गराई कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

## ४. आ.व. २०८२।८३ मा कार्यान्वयन हुने कार्यक्रमहरु र वजेट

| क्र स | कार्यक्रम | वजेट |
|---|---|---|
| १ | प्रधानाध्यापक र गाउँ शिक्षा समिति बैठक सन्चालन | ३५०००० |
| २ | प्रधानाध्यापक र गाउँ शिक्षा समिति वैठक विविध खर्च | १५०००० |
| ३ | शैक्षिक सामाग्री प्रदर्शनी तथा शैक्षिक मेला कार्यक्रम | ३००००० |
| ४ | वार्षिक परीक्षा प्रश्नपत्र तयारी र छपाई | १५०००० |
| ५ | स्थानीय पाठ्यपुस्तक अभिकुखिकरण कार्यक्रम | १५०००० |
| ६ | स्थानीय पाठ्यपुस्तक लेखन तथा छपाई | ७००००० |
| ७ | महिला शिक्षक सुत्केरी विदामा वस्दाका लागि स्वयंसेवक शिक्षक व्यवस्थापन | ५५०००० |
| ८ | विषयगत शिक्षक प्रश्नपत्र निर्माण कार्यशाला | १५०००० |
| ९ | शैक्षिक क्यालेण्डर निर्माण | १५०००० |
| १० | अभिभावक विहिन वालवालिका छात्रवृति वितरण कार्यक्रम | ३५०००० |
| ११ | | |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



नुन बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| १२ | विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख छपाई | १००००० |
| १३ | खेल प्रशिक्षक ब्यवस्थापन कार्यक्रम | ४५५००० |
| १४ | कक्षा ८ को परीक्षा संचालन | २००००० |
| १५ | माध्यमिक विद्यालय स्तरीय खेलकुद प्रतियोगिता (राष्टपति रनिङ शिल्ड) | ६००००० |
| १६ | विद्यालय अनुगमन कार्यक्रम | २००००० |
| १७ | विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख प्रयोग सम्वन्धि तालिम | १००००० |
| १८ | अभिभावक शिक्षा कार्यक्रम | २५०००० |
| १९ | कक्षा ११ र १२ छात्रा प्रोत्साहन (छात्रवृति वितरण) कार्यक्रम | ३५०००० |
| २० | विद्यालय प्रअ,कर्मचारी,वालकक्षा शिक्षक,कार्यालय सहयोगी सामुदायीक सिकाइ केन्द्र परिचालक प्रोत्साहन कार्यक्रम | ५१००००० |
| २१ | गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सन्चालन | २५०००० |
| २२ | भलिबल, नेट लगायतका खेलकुद सामग्री खरिद | १५०००० |
| २३ | वालकक्षा शिक्षक क्षमता विकास तथा शैक्षिक सामाग्री निर्माण कार्यशाला | २००००० |
| २४ | उत्कृष्ट विद्यार्थी,शिक्षक ,विद्यालय तथा अभिभावक पुरस्कार तथा सम्मान कार्यक्रम | १००००० |
| २५ | संस्थागत विद्यालय समायोजन भई अंग्रेजी माध्यम सन्चालित ५ वटा विद्यालयका लागि अनुदान (बाल कक्षा, नर्सरी देखि ३ सम्म विद्यार्थी संख्याका आधारमा) | १०००००० |
| २६ | गाउँपालिका शिक्षक अनुदान | ५०००००० |
| २७ | विद्यालयका शिक्षक कर्मचारीहरुको सामुहिक दुर्घटना विमा | ३००००० |
| २८ | वालकक्षा सिकाइ कुना ब्यवस्थापन कार्यक्रम | २५०००० |
| २९ | वालउद्यान निर्माण कार्यक्रम | २००००० |
| ३० | शिक्षक, विद्यालय कर्मचारी क्षमता विकास तथा तालिम कार्यक्रम | ४००००० |
| ३१ | प्र अ नमूना विद्यालय अध्ययन अवलोकन भ्रमण कार्यक्रम | २००००० |
| ३२ | वि ब्य स पदाधिकारी नमूना विद्यालय अध्ययन अवलोकन भ्रमण कार्यक्रम | १००००० |
| ३३ | विद्यार्थीहरुका लागि वालविवाह न्यूनिकरण,मनोसामाजिक तथा शैक्षिक परामर्श कार्यक्रम | २००००० |
| ३४ | विद्यालय आमा अभिभावक समूह आयआर्जन कार्यक्रम | २००००० |
| ३५ | नेपाल स्काउट सम्वन्धि पूनर्ताजगि तालिम | २००००० |
| ३६ | विद्यालय शिक्षक शैक्षिक डायरी वितरण कार्यक्रम | १५०००० |
| ३७ | स्थानीय मगर भाषा विकास तथा संरक्षण कार्यक्रम | ३००००० |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



नुन बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| ३८ | प्राथमिक तहमा वहुकक्षा शिक्षण तालिम कार्यक्रम | १००००० |
| ३९ | विद्यालय स्तरिय योजना निर्माण सम्वन्धि कार्यशाला | १०००.०० |
| ४० | विद्यालय वातावरण सुधार कार्यक्रम (फूलवारी तथा सरसफाइ ) | १७५००० |
| ४१ | वि व्य स पदाधिकारी तालिम कार्यक्रम | १५०००० |
| | प्राथमिक विद्यालयमा साझेदारीमा ल्यापटप , प्रोजेक्टर तथा ICT सामाग्री व्यवस्थापन कार्यक्रम | ७२०००० |
| | | २०८००००० |

## ५. कार्यक्रम कार्यान्वयन प्रक्रिया एंवम मापदण्ड

१. कार्यक्रमः प्रधानाध्यापक र गाउँ शिक्षा समिति बैठक सन्चालन खर्च शिर्षकः २२७११

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **१. प्रधानाध्यापकको वैठक सन्चालनः**<br>प्रधानाध्यापक र गाउँ शिक्षा समिति बैठक सन्चालन गाउँपालिका क्षेत्र भित्र सन्चालित सामुदार्यीक विद्यालयका प्रधानाध्यापक तथा प्रतिनिधि, समुदायमा आधारित प्रारम्भिक वालविकास केन्द्रका सहयोगी कार्यकर्ता र सामुदायीक सिकाइ केन्द्रका परिचालकहरुको विचमा आवश्यकता अनुसार मासिक रुपमा वैठक वसि विद्यालयका लागि आवश्यक सूचना निर्देशनहरु आदान प्रदान गर्ने ।विद्यालयमा भएका शैक्षिक गतिविधिहरुको मासिक रुपमा समिक्षा गरि थप सुधारका लागि कार्य गर्न प्रोत्साहन गर्ने र सुफाव दिने ।वैठकका माध्यमवाट आवश्यक कागजात संकलन गर्ने। विद्यालय शिक्षा सगँ सम्वन्धित शिक्षाको समग्र विकासका लागि आवश्यक निर्णयहरु गर्ने ।संघिय, प्रदेश तथा स्थानीय सरकारवाट भएका निर्णयहरु सूचना तथा निर्देशनहरु लागू गर्न निर्देशन दिने। निर्णयहरु कार्यान्वयन भए नभएको अनुगमन गरि पृष्ठपोषण दिने। वैठकमा गाउँकार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, सदस्यहरु लगायत आवश्यकताका आधारमा अन्य कर्मचारीहरुलाई आमन्त्रण गर्ने। वैठकमा उपस्थितिको आधारमा नियमानुसार वैठक भत्ता उपलब्ध गराउने।<br>**२. गाउँ शिक्षा समितिको वैठक सन्चालनः**<br>गाउँपालिका क्षेत्र भित्र सन्चालित विद्यालय तथा शिक्षण संस्थाहरुको व्यवस्थित रुपमा सन्चालन र व्यवस्थापनका लागि आवश्यक छलफल र निर्णयहरु गर्ने । प्रचलित ऐन ,कानून, नियमावली तथा कार्यविधिमा उल्लेखित शिक्षा र शैक्षिक विकास ,वालवालिका सँग सम्वन्धित विषयहरुमा रहेर छलफल तथा निर्णय र त्यसको कार्यान्वयनको अनुगमन | पूर्वखोला गाउँपालिका।<br><br>विद्यालयका प्रधानाध्यापकहरु ।<br><br>गाउँ शिक्षा समितिका पदाधिकारीहरु | वैठक निर्णय पुस्तिका ।<br><br>भर्पाई । |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

| | | |
|---|---|---|
| सम्वन्धि निर्णय गर्ने । विभिन्न शैक्षिक योजना तथा कार्यक्रम सगँ सम्वन्धित निर्णय गर्ने । गाउँ शिक्षा समितिको वैठकमा गाउँ शिक्षा समितिका पदाधिकारी शिक्षा शाखामा कार्यरत शिक्षक कर्मचारी तथा आवश्यकताका आधारमा अन्य आवश्यक ब्यक्तिहरुलाई आमन्त्रण गर्न सक्ने । समितिको वैठकमा उपस्थित ब्यक्तिहरुलाई उपस्थितिको आधारमा नियमानुसार वैठक भत्ता उपलब्ध गराउने । | | |

२. कार्यक्रमः प्रधानाध्यापक र गाउँ शिक्षा समिति वैठक विविध खर्च खर्च शिर्षकः २२७११

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **प्रधानाध्यापक र गाउँ शिक्षा समिति वैठक विविध खर्चः**<br>प्रधानाध्यापक र गाउँ शिक्षा समिति बैठक वस्दा वैठकमा उपस्थित पदाधिकारी तथा ब्यक्तिहरुलाई उपस्थितिको आधारमा नियमानुसार खाना तथा खाजा उपलब्ध गराउने । | पूर्वखोला गाउँपालिका। ।<br><br>गाउँ शिक्षा समितिका पदाधिकारीहरु । | वैठक निर्णय पुस्तिका ।<br><br>विल भर्पाई । |

३. कार्यक्रमः शैक्षिक सामाग्री प्रदर्शनी तथा शैक्षिक मेला कार्यक्रम खर्च शिर्षकः २२७११

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **शैक्षिक सामाग्री प्रदर्शनी तथा शैक्षिक मेला कार्यक्रमः**<br>१. शिक्षा शाखावाट शैक्षिक सामाग्री प्रदर्शनी तथा शैक्षिक मेला कार्यक्रमका लागि विद्यालयलाई प्रदर्शनी तथा मेला हुने स्थान, मिति प्र,दर्शनी गर्न सकिने समाग्री र प्रदर्शनीका लागि आवश्यक नियम वनाई सूचना गर्ने ।<br>२. औपचारिक कार्यक्रम सहितको शैक्षिक सामाग्री प्रदर्शनी आयोजना गर्ने ।<br>३. मूल्याङकन समितिले गरेको मूल्याङकनलाई आधार मानी तहगत रुपमा (प्राथमिक, निम्न माध्यामिक र माध्यमिक तह) विद्यालय तथा विद्यार्थीलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गर्ने । | पूर्वखोला गाउँपालिका।<br><br>विद्यालयहरु । | कार्यक्रम सम्पन्न भएको प्रगति प्रतिवेदन ।<br><br>विल भर्पाई । |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

| | | |
|---|---|---|
| ४. कार्यक्रममा सहभागी विद्यालयहरुलाई प्रदर्शनी सामाग्री र शिक्षक विद्यार्थी ल्याउने लाने प्रयोजनका लागि यातायात खर्च उपलब्ध गराउने ।<br>५. ब्यवस्थापन तथा मूल्याङकनमा खटिने शिक्षक कर्मचारी तथा अन्य ब्यक्तिलाई नियमानुसार पारिश्रमिक तथा भत्ता उपलब्ध गराउने ।<br>६. कार्यक्रममा उपस्थित अतिथि,सहभागि विद्यालयका शिक्षक र विद्यार्थीलाई उपस्थितिका आधारमा खाजाको ब्यवस्था गर्ने । | | |

४. कार्यक्रमः वार्षिक परीक्षा प्रश्नपत्र तयारी र छपाई खर्च शिर्षकः २२३१५

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| वार्षिक परीक्षा प्रश्नपत्र तयारी र छपाइः<br>१. वार्षिक परीक्षा २०८२ का लागि प्रश्नपत्र निर्माण कार्यशालामा तयार भएको प्रंश्नपत्र छपाइ गरि विद्यालयलाई विद्यार्थी संख्याको आधारमा उपलब्ध गराउने । | पूर्वखोला गाउँपालिका। | कार्यक्रम सम्पन्न भएको प्रगति प्रतिवेदन ।<br>विल भर्पाई । |

५. कार्यक्रमः स्थानीय पाठ्यपुस्तक अभिकुखिकरण कार्यक्रम खर्च शिर्षकः २२५२२

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| स्थानीय पाठ्यपुस्तक अभिकुखिकरण कार्यक्रमः<br>१. पूर्वखोला गाउँपालिकाले तयार गरेको स्थानीय पाठ्यपुस्तक (कक्षा १ देखि ५ सम्मको सम्वभ भएका कक्षाहरुको मात्र) अध्यापन गर्ने शिक्षकका लागि लेखक तथा विज्ञवाट १ दिने स्थानीय पाठ्यपुस्तक अभिकुखिकरण कार्यक्रम सन्चालन गर्ने ।<br>२. कार्यक्रमका अतिथि प्रशिक्षक ब्यवस्थापक र सहभागीलाई उपस्थितिका आधारमा नियमानुसार खाना खाजा र भत्ता उपलब्ध गराउने । | पूर्वखोला गाउँपालिका।<br>विषयगत शिक्षकहरु । | कार्यक्रम सम्पन्न भएको प्रगति प्रतिवेदन ।<br>विल भर्पाई । |

६. कार्यक्रमः स्थानीय पाठ्यपुस्तक लेखन तथा छपाई खर्च शिर्षकः २२३१५

सन्तर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **स्थानीय पाठ्यपुस्तक लेखन तथा छपाईः**<br>१. पूर्वखोला गाउँपालिकाले तयार गरेको स्थानीय पाठयक्रममा आधारित रहि कक्षा ४ र ५ को पाठ्यपुस्तक लेखन तथा कक्षा १ - ५ आवश्यकता तथा विनियोजित वजेटको परिधि भित्र रहि पुस्तक छपाई गर्ने ।<br>२. कक्षा ४ र ५ पाठ्यपुस्तकको पाण्डुलिपिको समिक्षा, विषयवस्तु प्रस्तुति, विषयवस्तु थपघट, विषयवस्तु परिमार्जन कार्य लेखन समिति वाट गरि अन्तिम रुप दिने ।अन्तिम रुपको पाण्डुलिपि लाई कम्प्युटर टाईपिङ तथा डिजाइनिङ गरि छपाई गर्ने।<br>३. कक्षा ४ र ५ को पाठ्यपुस्तक लेखकलाई पाठ्यपुस्तकको विषयवस्तुकका लागि आवश्यक सामाग्री संकलनको रु१००, पाण्डुलिपि लेखनको रु १०० र कम्प्युटर टाइपिङ र डिजाइनिङको रु १०० गरि एकमुष्ट प्रति पेज रु ३०० का दरले पारिश्रमिक उपलब्ध गराउने । | पूर्वखोला गाउँपालिका।<br><br>पाठ्यपुस्तक लेखक तथा सम्पादक । | कार्यक्रम सम्पन्न भएको प्रगति प्रतिवेदन ।<br><br>कक्षा ४ र ५ को तयारी भएको पाठ्यपुस्तक ।<br><br>विल भर्पाई । |

७. **कार्यक्रमः महिला शिक्षक सुत्केरी विदामा वस्दाका लागि स्वयंसेवक शिक्षक ब्यवस्थापन**

खर्च शिर्षकः २२७११

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **महिला शिक्षक सुत्केरी विदामा वस्दाका लागि स्वयंसेवक शिक्षक ब्यवस्थापनः**<br>१. पूर्वखोला गाउँपालिकाले तयार गरेको स्वंयसेवक शिक्षक ब्यवस्थापन सम्वन्धि कार्यविधि २०८० वमोजिम महिला शिक्षक तथा कर्मचारी प्रशुति विदामा रहदाको अवधिका लागि नियूक्त स्वयंसेवक शिक्षकलाई निजले काम गरेको दिनका आधारमा तोकिएको पारिश्रमिक भूक्तानि दिने ब्यवस्था मिलाउने । | पूर्वखोला गाउँपालिका। । | स्वयंसेवक शिक्षकको नियूक्त पत्र, हाजिरी ,माग फाराम र भर्पाई । |

८. **कार्यक्रमः विषयगत शिक्षक प्रश्नपत्र निर्माण कार्यशाला** खर्च शिर्षकः २२३१५

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **विषयगत शिक्षक प्रश्नपत्र निर्माण कार्यशालाः**<br>१. यस गाउँपालिका क्षेत्र भित्रका कक्षा १ देखि १२ सम्म अध्यापन गर्ने विषयगत शिक्षकहरुको तहगत तथा विषयगत भेला गर्ने। | पूर्वखोला गाउँपालिका। | |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



मुन बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| २. विषयगत शिक्षकंहरु विच सम्वन्धित विषय अध्यापनका क्रममा देखिएका अवसर तथा चुनौति ,पाठ्यक्रम पाठ्यपुस्तक ग्रिड आदिका वारेमा छलफल गर्न लगाउने ।<br>३. सवै विषयको विषयगत रुपमा समूह कार्य गरि स्पेसिफिकेशन ग्रिडका आधारमा प्रश्नपत्र तथा उत्तरकुन्जिका तयार गर्न लगाउने ।<br>४. कार्यशालामा सहभागीलाई उपस्थिति तथा कार्यसम्पादनका आधारमा नियमानुसार खाना खाजा र भत्ताको ब्यवस्था गर्ने । | ।<br><br>विषयगत शिक्षकहरु | कार्यक्रम सम्पन्न भएको प्रतिवेदन ।<br><br>विल भर्पाई । |

९. कार्यक्रमः शैक्षिक क्यालेण्डर निर्माण खर्च शिर्षकः २२३१५

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **शैक्षिक क्यालेण्डर निर्माणः**<br>शैक्षिक वर्ष २०८३ का लागि शैक्षिक कार्यक्रमहरु समेटिएको शैक्षिक क्यालेडर २०८३ तयारी र छपाई गरि विद्यालयहरुलाई वितरण गर्ने। | पूर्वखोला गाउँपालिका।<br><br>क्यालेण्डर निर्माण समिति । | कार्यक्रम सम्पन्न भएको प्रतिवेदन ।<br>शैक्षिक क्यालेण्डर ।<br>भर्पाइ । |

१०. कार्यक्रमः अभिभावक विहिन वालवालिका छात्रवृति वितरण कार्यक्रम खर्च शिर्षकः २२५२२

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **अभिभावक विहिन वालवालिका छात्रवृति वितरण कार्यक्रमः**<br>गाउँपालिकाको अभिभावक विहिन वालवालिका शिक्षा सन्चालन कार्यविधि २०८० वमोजिम गाउँ शिक्षा समितिको निर्णयका आधारमा अभिभावक विहिन वालवालिकालाई छात्रवृति उपलब्ध गराउने । | पूर्वखोला गाउँपालिका।<br><br>गाउँ शिक्षा समिति | कार्यक्रम सम्पन्न भएको प्रतिवेदन ।<br>छात्रवृति प्राप्त गर्ने विद्यार्थीको नामनामेसी विवरण ।<br>भर्पाइ । |

११. कार्यक्रमः विद्यार्थी सिकाइ उपलब्धि मूल्याङकन अभिलेख छपाई खर्च शिर्षकः २२३१५

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **विद्यार्थी सिकाइ उपलब्धि मूल्याङकन अभिलेख छपाईः**<br>यस गाउँपालिका भित्रका विद्यालयमा अध्ययनरत कक्षा १ देखी ३ सम्मका विद्यार्थीहरुको सिकाइ उपलब्धि मूल्याङकनका लागि अभिलेख पुस्तिका छपाई गरि विद्यालयहरुलाई विद्यार्थी संख्याका आधारमा उपलब्ध गराउने । | पूर्वखोला गाउँपालिका।<br><br>विद्यालयहरु । | कार्यक्रम सम्पन्न भएको प्रतिवेदन ।<br>अभिलेख पोर्टफोलियो ।<br><br>विल भर्पाइ । |

१२. कार्यक्रमः खेल प्रशिक्षक ब्यवस्थापन कार्यक्रम खर्च शिर्षकः २२४११

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **खेल प्रशिक्षक ब्यवस्थापन कार्यक्रमः**<br>यस गाउँपालिका भित्रका विद्यालयमा मार्शल आर्ट अन्तरगतका खेलहरु सन्चालन गर्न नियूक्त खेल प्रशिक्षक (शिक्षक) लाई खेल प्रशिक्षक सम्वन्धि कार्यविधि २०८० वमोजिम् तलव भत्ता रकम उपलब्ध गराउने । | पूर्वखोला गाउँपालिका।<br><br>खेल प्रशिक्षक । | प्रगति विवरण ।<br>खेल सन्चालन भएका विद्यालय र खेलमा सहभागी विद्यार्थी संख्या ।<br>भर्पाइ । |

१३. कार्यक्रमः कक्षा ८ को परीक्षा संचालन खर्च शिर्षकः २२७११

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **कक्षा ८ को परीक्षा संचालनः**<br>स्थानीय तहले सन्चालन गर्ने आधारभूत तह (कक्षा ८) को अन्तिम परीक्षा अनुशासित,मर्यादित,ब्यवस्थित तरिकाले सन्चालन गरि विद्यार्थी मूल्याङकनका लागि तपसिल अनुसार गर्ने ।<br>तपसिल<br>१. कक्षा ८ को अन्तिम परीक्षा सन्चालनका लागि गाउँ शिक्षा समितिको निर्णय वमोजिम प्रश्नपत्र तथा उत्तरपुस्तिका तयारी र छपाई गर्ने, परीक्षा सन्चालन सम्वन्धि आचार संहिता जारी गर्ने , परीक्षालाई ब्यवस्थित वनाउन केन्द्राध्यक्ष, परीक्षा निरिक्षक तथा सहयोगीको ब्यवस्थापन गर्ने, परीक्षा सन्चालनका लागि आवश्यक सामाग्रीको ब्यवस्थापन गर्ने, परीक्षाको गाउँपालिका मार्फत अनुगमन गर्ने, परीक्षा सन्चालन पश्चात उत्तरपुस्तिका संकलन, कोडिङ , उत्तरपुस्तिका परीक्षण, डिकोडिङ ,मार्क इन्टी , नतिजा | पूर्वखोला गाउँपालिका।<br><br>परिक्षा केन्द्राध्यक्ष निरिक्षक शिक्षक र विद्यालयहरु | प्रगति प्रतिवेदन ।<br>परीक्षा केन्द्र संख्या ।<br><br>परीक्षामा सम्मिलित हुने विद्यार्थी संख्या ।<br>भर्पाइ । |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

तुन बहादुर थापा
अध्यक्ष

रैनादेवी छहरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| तयारी, प्रकाशन र ग्रेड सिट तयारी तथा वितरण सम्मका परीक्षा सगँ सम्वन्भित सवै कार्य गर्ने ।<br>२. कार्यक्रम न १३ (१) मा उल्लेखित कार्यहरु सन्चालनका लागि विनियोजित वजेटको परिधि भित्र रहि खर्च ब्यवस्थापन गर्ने । | | |

१४. कार्यक्रमः माध्यमिक विद्यालय स्तरीय खेलकुद प्रतियोगिता (राष्टपति रनिङशिल्ड)

खर्च शिर्षकः २२५२२

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| माध्यमिक विद्यालय स्तरीय खेलकुद प्रतियोगिता (राष्टपति रनिङशिल्ड)<br>१. यस गाउँपालिका क्षेत्र भित्र सन्चालनमा रहेका माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थी विच भलिवल, कपर्दी, ऐथलेटिक्स र मार्शल आर्टसगँ सम्वन्धित खेलहरुमा पर्तिस्पर्दा गराई पुरस्कृत गर्ने ।<br>२. खेलकुद प्रतियोगिता सन्चालनका लागि आवश्यक जनसक्ति तथा सामाग्रीको ब्यवस्थापन मिलाउने ।<br>३. स्थानीय स्तरको खेलमा विजेता विद्यार्थीहरुलाई गाउँपालिकाको तर्फवाट जिल्ला स्तरमा सन्चालन हुने खेलकुद प्रतियोगितामा सहभागी गराउमे । | पूर्वखोला गाउँपालिका। | प्रगति प्रतिवेदन ।<br>खेलमा सहभागी विद्यालय र विद्यार्थी संख्या ।<br>भर्पाइ । |

१५. कार्यक्रमः विद्यालय अनुगमन कार्यक्रम खर्च शिर्षकः २२६११

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| विद्यालय अनुगमन कार्यक्रमः<br>१. यस गाउँपालिका क्षेत्र भित्र सन्चालनमा रहेका विद्यालयहरुको अवलोकन तथा अनुगमन गरि विद्यालय र शिक्षकहरुलाई थप सुधारका लागि सुफाव दिने ।<br>२. अनुगमनका क्रममा शिक्षकको कक्षा अवलोकन लगायतका अन्य शैक्षिक गतिविधिको समेत छलफल र अन्तरक्रिया गरि पृष्ठपोषण दिने।<br>३. अनुगमनमा खटिने अनुगमनकर्ता र विज्ञहरुलाई नियमानुसारको सुविधा उपलब्ध गराउने । | पूर्वखोला गाउँपालिका।<br>विद्यालयहरु । | प्रगति प्रतिवेदन ।<br>अनुगमन प्रतिवेदन ।<br>भर्पाइ । |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

१६. कार्यक्रमः विद्यार्थी सिकाइ उपलब्धि मूल्याङकन अभिलेख प्रयोग सम्वन्धि तालिम

खर्च शिर्षकः २२६११

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **विद्यार्थी सिकाइ उपलब्धि मूल्याङकन अभिलेख प्रयोग सम्वन्धि तालिमः**<br>१. यस गाउँपालिकाले कक्षा १-३ लागू गरेको विद्यार्थी सिकाइ उपलब्धि मूल्याङकन अभिलेखको ब्यवस्थित प्रयोग सम्वन्धमा कक्षा १-३ अध्यापनरत शिक्षकहरुलाई तालिम प्रदान गर्ने ।<br>२. तालिम सन्चालन हुदा अतिथि, प्रशिक्षक तथा सहभागिहरुलाई नियमानुसार खाना खाजा तथा भत्ता उपलब्ध गराउने । | पूर्वखोला गाउँपालिका। | प्रगति प्रतिवेदन ।<br>तालिममा सहभागिको संख्या ।<br>भर्पाइ । |

१७. कार्यक्रमः अभिभावक शिक्षा कार्यक्रम  खर्च शिर्षकः २२५२२

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **अभिभावक शिक्षा कार्यक्रमः**<br>विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकहरुलाई आआफ्ना वालवालिकाको पढाइ प्रति क्रियासिल वनाउन तथा विद्यालयको समग्र विकासमा सहयोग गर्ने वातावरण तयार गर्न मागको आधारमा विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सन्चालन गर्ने । | पूर्वखोला गाउँपालिका। | प्रगति प्रतिवेदन ।<br>कार्यक्रममा सहभागिको संख्या ।<br>भर्पाइ । |

१८. कार्यक्रमः कक्षा ११ र १२ छात्रा प्रोत्साहन (छात्रवृति वितरण) कार्यक्रम

खर्च शिर्षकः २७२११

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **कक्षा ११ र १२ छात्रा प्रोत्साहन (छात्रवृति वितरण) कार्यक्रमः**<br>१. यस गाउँपालिका भित्र कक्षा ११ र १२ मा अध्ययनरत १०० जना छात्राहरुलाई रु ३००० का दरले छात्रवृति उपलब्ध गराउने ।<br>२. छात्रवृति उपलब्ध गराउनु अगाडी कक्षा ११।१२ मा भर्ना भई अध्ययनरत छात्रा संख्याको आधारमा विद्यालयलाई छात्रा छात्रवृति प्राप्त हुने विद्यार्थी संख्या (कोटा) गा पा ले तोकिदिने ।<br>३. विद्यालयहरुले सूचना प्रकासन गरि विद्यार्थीहरुवाट निवेदन संकलन गर्ने । | पूर्वखोला गाउँपालिका। | प्रगति प्रतिवेदन ।<br>छात्रवृति प्राप्त गर्ने छात्रा विवरण र निर्णय ।<br>भर्पाइ । |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

| | | |
|---|---|---|
| ४. विद्यालयल व्यवस्थापन समितिले प्राप्त निवेदनका आधारमा छात्रवृतिका लागि विद्यार्थी छनौट गरि शिक्षा शाखामा पेश गर्ने । <br> ५. गाउँपालिकाले विद्यालयवाट सिफारिस भई आएका विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराउने । | | |

१९. कार्यक्रमः विद्यालय प्रअ,कर्मचारी,वालकक्षा शिक्षक,कार्यालय सहयोगी सामुदायीक सिकाइ केन्द्र परिचालक प्रोत्साहन कार्यक्रम खर्च शिर्षकः २२७११

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **विद्यालय प्रअ, कर्मचारी, वालकक्षा शिक्षक,कार्यालय सहयोगी सामुदायीक सिकाइ केन्द्र परिचालक प्रोत्साहन कार्यक्रमः** <br> विद्यालय, वालविकास केन्द्र र सामुदायीक सिकाइ केन्द्रमा कार्यरत तपसिलका शिक्षक, कर्मचारी,सहजकर्ता,सहयोगी र परिचालकहरुलाई तपसिल वमोजिमको प्रोत्साहन रकम उपलब्ध गराउने । <br> तपसिल <br> १. प्र.अ. प्रोत्साहन मावि रु १०००, निमावि रु ८०० र प्रावि रु ७०० का दरले मासिक । <br> २. विद्यालय कर्मचारी (लेखा) मासिक प्रोत्साहन तलव थप रु ६००० का दरले १३ महिना वरावर । <br> ३. प्रारम्भिक वालविकास केन्द्रमा कार्यरत सहजकर्ता प्रोत्साहन तलव थप रु ५५०० का दरले १३ महिना वरावर । <br> ४. विद्यालयमा कार्यरत कार्यालय सहयोगी प्रोत्साहन तलव थप रु २५०० का दरले १३ महिना वरावर । <br> ५. सामुदायीक सिकाइ केन्द्रका परिचालक प्रोत्साहन तलव थप रु ४००० का दरले १३ महिना वरावर । | पूर्वखोला गाउँपालिका। <br> विद्यालय र शिक्षक कर्मचारी । | विद्यालय र सा सि के संख्या । <br> वा वि के सहजकर्ता विवरण । <br> माग फाराम । <br> भर्पाइ । |

२०. कार्यक्रमः गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सन्चालन खर्च शिर्षकः २२७११

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सन्चालनः** <br> विद्यार्थीमा रहेको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउनका लागि विद्यालय विद्यालय विच तपसिलमा उल्लेखित प्रतियोगिताहरु मध्ये वजेटको परिधि भित्र रहि सम्भव भएका प्रतियोगिताहरु सन्चालन गर्ने । <br> तपसिल <br> १. प्राथमिक तह स्तरीय हाजिर जवाफ प्रतियोगिता। | पूर्वखोला गाउँपालिका। | प्रगति प्रतिवेदन । <br> प्रतियोगितामा सहभागि विद्यालय र विद्यार्थी विवरण संख्या । |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



तुल बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| २. आधारभूत तह (कक्षा ६-८) स्तरीय निबन्ध लेखन प्रतियोगिता।<br>३. माध्यमिक तह स्तरीय Quiz competition ।<br>४. अंग्रेजी ब्लक स्तरीय Speech competition ।<br>५. चित्रकला प्रतियोगिता ।<br>६. वादविवाद प्रतियोगिता ।<br>७. नृत्य तथा गायन प्रतियोगिता आदि।<br>• प्राथमिक तहको हाजिर जवाफ प्रतियोगिताका लागि वडा स्तरमा सन्चालित प्रतियोगितामा प्रथम र द्धितिय हुने विद्यालयलाई गाउँपालिका स्तरिय प्रतियोगितामा सहभागि गराउने ।<br>• प्रतियोगितामा सहभागी विद्यार्थी र प्रतिनिधि शिक्षकलाई यातायात खर्च र खाना खाजा उपलब्ध गराउने ।<br>• विजेता विद्यालय तथा विद्यार्थीहरुलाई नगद तथा शैक्षिक सामाग्री र टफि मेडलले पुरस्कृत र सम्मान गर्ने साथै कार्यक्रमका अतिथि, ब्यवस्थापक र मूल्याङकनकर्तालाई नियमानुसारको सुविधा उपलब्ध गराउने । | कार्यक्रममा सहभागी विद्यालयहरु । | |

२१. कार्यक्रमः भलिबल, नेट लगायतका खेलकुद सामग्री खरिद खर्च शिर्षकः २२३१३

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| भलिबल, नेट लगायतका खेलकुद सामग्री खरिदः<br>विद्यार्थी तथा युवाहरु विच खेलकुद कार्यक्रम र प्रतियोगिता सन्चालनका लागि आवश्यक पर्ने खेलकुदका सामाग्रीहरु खरिद गर्ने । | पूर्वखोला गाउँपालिका। | प्रगति प्रतिवेदन। |

२२. कार्यक्रमः वालकक्षा शिक्षक क्षमता विकास तथा शैक्षिक सामाग्री निर्माण कार्यशाला

खर्च शिर्षकः २२५२२

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| वालकक्षा शिक्षक क्षमता विकास तथा शैक्षिक सामाग्री निर्माण कार्यशालाः<br>१. प्रारम्भिक वालविकास केन्द्रमा कार्यरत वालकक्षा सहजकर्ता (शिक्षक) को क्षमता विकासका लागि तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>२. प्रारम्भिक वालविकास केन्द्रमा अध्ययनरत विद्यार्थीका लागि आवश्यक हुने शैक्षिक सामाग्री निर्माण तथा ब्यवस्थापन गर्ने । | पूर्वखोला गाउँपालिका।<br><br>वालविकास केन्द्रहरु । | प्रगति प्रतिवेदन।<br><br>तालिममा सहभागिहरुको विवरण । |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

| | | |
|---|---|---|

२३. कार्यक्रमः उत्कृष्ट विद्यार्थी, शिक्षक ,विद्यालय तथा अभिभावक पुरस्कार तथा सम्मान कार्यक्रम

खर्च शिर्षकः २२५२२

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| उत्कृष्ट विद्यार्थी,शिक्षक ,विद्यालय तथा अभिभावक पुरस्कार तथा सम्मान कार्यक्रमः<br>१. आधारभूत तह उत्तिर्ण परीक्षा कक्षा ८ मा उत्कृष्ट नतिजा प्रास गर्ने सर्वोत्कृष्ट छात्र छात्रा ,जनजाति र दलित तर्फ सर्वोत्कृष्ट छात्र छात्रा गरि ६ ज़ना उत्कृष्ट विद्यार्थीहरुलाई गाउँ शिक्षा समितिको निर्णय वमोजिम पुरस्कृत तथा सम्मान गर्ने ।<br>२. उत्कृष्ट नतिजा ल्याउने विद्यालय , शिक्षक , उत्कृष्ट अभिभावक र अवकास प्रास शिक्षकलाई गाउँ शिक्षा समितिको निर्णय वमोजिम पुरस्कृत तथा सम्मान गर्ने । | पूर्वखोला गाउँपालिका।<br><br>विद्यालयहरु । | प्रगति प्रतिवेदन।<br><br>पुरस्कृत विद्यार्थी,शिक्षक ,विद्यालय तथा अभिभावकहरुको विवरण । |

२४. कार्यक्रमः संस्थागत विद्यालय समायोजन भई अंग्रेजी माध्यम सन्चालित ५ वटा विद्यालयका लागि अनुदान (बाल कक्षा, नर्सरी देखि ३ सम्म विद्यार्थी संख्याका आधारमा) खर्च शिर्षकः २७२११

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| संस्थागत विद्यालय समायोजन भई अंग्रेजी माध्यम सन्चालित ५ वटा विद्यालयका लागि अनुदान (बाल कक्षा, नर्सरी देखि ५ सम्म विद्यार्थी संख्याका आधारमा)<br>१. संस्थागत विद्यालय समायोजन भई अंग्रेजी माध्यम सन्चालित ५ वटा विद्यालयहरु क्रमस शम्भु मावि,सरस्वती मावि, उदबुद्ध मावि, मातृभूमि मावि र गणपति माविलाई बाल कक्षा, नर्सरी देखि ३ सम्म अंग्रेजी माध्यम अध्ययन गर्ने विद्यार्थी संख्याका आधारमा अंग्रेजी माध्यम शिक्षण गर्ने शिक्षक ब्यवस्थापनका लागि वार्षिक प्रति विद्यार्थी रु ३००० मा नबढने गरि अनुदान कार्यविधि वमोजिम अनुदान उपलब्ध गराउने । | पूर्वखोला गाउँपालिका।<br><br>अनुदान प्रास विद्यालयहरु । | ५ वटा अंग्रेजी ब्लक संचालित विद्यालयको विद्यार्थी संख्या ।<br><br>वि ब्य स को निर्णय सहितको अनुदान खर्चको भर्पाइ । |

२५. कार्यक्रमः गाउँपालिका शिक्षक अनुदान खर्च शिर्षकः २२५२९

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| गाउँपालिका शिक्षक अनुदानः | | माग फाराम। |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७४

| | | |
|---|---|---|
| वालविकास केन्द्र देखि माध्यमिक तह सम्म विद्यार्थी संख्याको अनुपातमा तहगत र विषयगत शिक्षक दरवन्दी कम भएका विद्यालयहरुलाई गाउँपालिका शिक्षक दरवन्दी मिलान २०८२ वमोजिमको संख्यामा शैक्षिक अनुदान कार्यविधि २०७८ (संशोधन सहित ,कार्यपालिकाको निर्णय) अनुदान संख्याको आधारमा तपसिल वमोजिमको अनुदान रकम उपलब्ध गराउने ।<br>तपसिल<br>१. वालकक्षा शिक्षक अनुदान वापत प्रति महिना ९ हजारका दरले १२ महिना र चा.प. खर्च रकम ।<br>२. प्राथमिक तह शिक्षक अनुदान वापत प्रति महिना १० हजारका दरले १२ महिना र चा.प. खर्च रकम ।<br>३. निम्न माध्यमिक तह शिक्षक अनुदान वापत प्रति महिना ११ हजारका दरले १२ महिना र चा.प. खर्च रकम ।<br>४. माध्यमिक तह कक्षा ९-१० शिक्षक अनुदान वापत प्रति महिना १२ हजारका दरले १२ महिना र चा.प. खर्च रकम ।<br>५. साविक उमावि तह कक्षा ११-१२ शिक्षक अनुदान वापत प्रति महिना २२ हजारका दरले १२ महिना र चा.प. खर्च रकम । | पूर्वखोला गाउँपालिका।<br><br>अनुदान प्राप्त विद्यालयहरु । | हाजिरी र कार्य दिन सहितको भर्पाइ विवरण ।<br><br>कर दाखिला । |

२६. कार्यक्रमः विद्यालयका शिक्षक कर्मचारीहरुको सामुहिक दुर्घटना विमा खर्च शिर्षकः २२२१४

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **विद्यालयका शिक्षक कर्मचारीहरुको सामुहिक दुर्घटना विमाः**<br>पूर्वखोला गाउँपालिका भित्रका विद्यालयहरुमा कार्यरत सवै शिक्षक र कर्मचारीहरुको विनियोजित वजेटको सिमा भित्र रहि सामुहिक दुर्घटना विमा गराउने । | पूर्वखोला गाउँपालिका। | विमाको अभिलेख कागजात। |

२७. कार्यक्रमः वालकक्षा सिकाइ कुना ब्यवस्थापन कार्यक्रम खर्च शिर्षकः २२७११

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **वालकक्षा सिकाइ कुना ब्यवस्थापन कार्यक्रमः**<br>पूर्वखोला गाउँपालिका भित्र सन्चालित विद्यालयहरु मध्ये वालकक्षामा धेरै विद्यार्थी संख्या भएका वढिमा ५ वटा विद्यालयहरुको वालकक्षा सिकाइकुना ब्यवस्थित गर्ने ।गाउँ शिक्षा समितिको निर्णय वमोजिम विद्यालय छनौट गर्ने । विद्यालयले विद्यालय ब्यवस्थापन समितिको निर्णय वमोजिम गाउँपालिका सगँ कार्यक्रम योजना सम्झौता गरि सम्झौता वमोजिम कार्यान्वयन गर्ने ।कार्यक्रम सम्पन्न भए पश्चात विद्यालयलाई खर्च रकम नियमानुसार भूक्तानी दिने । | पूर्वखोला गाउँपालिका।<br><br>छनौटमा परेका विद्यालयहरु । | प्रगति प्रतिवेदन ।<br>IEMIS को विद्यार्थी विवरण ।<br>गाउँ शिक्षा समितिको निर्णय । |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

मुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

| | | |
|---|---|---|
| | | |

२८. कार्यक्रमः वालउद्यान निर्माण कार्यक्रम खर्च शिर्षकः २२५२२

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **वालउद्यान निर्माण कार्यक्रमः**<br>गाउँपालिका भित्र सन्चालित विद्यालयहरु मध्ये विद्यार्थी संख्याको आधारमा गाउँ शिक्षा समितिले २ वटा विद्यालयहरु वालउद्यान निर्माणका लागि छनौट गरि १।१ लाखका दरले रकम विनियोजन गर्ने ।छनौटमा परेका विद्यालयले विद्यालय ब्यवस्थापन समितिको निर्णय वमोजिम गाउँपालिका सगँ कार्यक्रम योजना सम्झौता गरि सम्झौता वमोजिम कार्यान्वयन गर्ने ।कार्यक्रम सम्पन्न भए पश्चात नियमानुसार विद्यालयलाई रकम भूक्तानी दिने । | पूर्वखोला गाउँपालिका।<br>छनौटमा परेका विद्यालयहरु । | प्रगति प्रतिवेदन ।<br>गाउँ शिक्षा समितिको निर्णय ।<br>कार्य सम्पन्न प्रतिवेदन । |

२९. कार्यक्रमः शिक्षक, विद्यालय कर्मचारी क्षमता विकास तथा तालिम कार्यक्रम

खर्च शिर्षकः २२५२२

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **शिक्षक, विद्यालय कर्मचारी क्षमता विकास तथा तालिम कार्यक्रमः**<br>गाउँपालिका भित्र कार्यरत शिक्षक र कर्मचारीहरुको क्षमता विकासका लागि छोटो अवधिको क्षमता विकास तालिम कार्यक्रम सन्चालन गर्ने ।<br>१. आधारभूत तह र माध्यमिक तहमा अंग्रेजी,गणित र विज्ञान विषय अध्यापनरत शिक्षकहरु ।<br>२. प्राथमिक तहका मुख्य विषयहरु अंग्रेजी, गणित र विज्ञान विषय अध्यापनरत शिक्षकहरु ।<br>३. कक्षा ४ र ५ मा स्थानीय पाठ्यक्रम अध्यापनरत शिक्षकहरु र विद्यालय कर्मचारीहरु।<br>तालिम कार्यक्रम सन्चालन गर्दा तालिमको नर्मज अनुसार खर्च ब्यवस्थापन गर्ने । | पूर्वखोला गाउँपालिका।<br>विद्यालय र शिक्षक तथा कर्मचारीहरु । | प्रगति प्रतिवेदन ।<br>तालिममा सहभागीहरुको विवरण । |

३०. कार्यक्रमः प्र अ नमूना विद्यालय अध्ययन अवलोकन भ्रमण कार्यक्रम खर्च शिर्षकः २२५२९

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **प्र अ नमूना विद्यालय अध्ययन अवलोकन भ्रमण कार्यक्रमः**<br>गाउँपालिका भित्र सन्चालनमा रहेका विद्यालयहरुको प्रधानाध्यापक । प्रतिनिधि शिक्षकहरु र आमन्त्रित ब्यक्तिहरुलाई अशल अभ्यास गरेका | | प्रगति प्रतिवेदन । |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

| | | |
|---|---|---|
| नमूना विद्यालयको अवलोकन भ्रमण गराउने ।अवलोकनमा पाइएका अशल अभ्यासहरु विद्यालयमा कार्यान्वयन गर्न लगाउने । | पूर्वखोला गाउँपालिका।<br><br>गा पा भित्रका प्र अ हरु | कार्यक्रमसहभागी प्र अ ।शिक्षकहरुको विवरण । |

३१. कार्यक्रमः वि ब्य स पदाधिकारी नमूना विद्यालय अध्ययन अवलोकन भ्रमण कार्यक्रम

खर्च शिर्षकः २२७११

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **वि ब्य स पदाधिकारी नमूना विद्यालय अध्ययन अवलोकन भ्रमण कार्यक्रमः**<br>गाउँपालिका भित्र सन्चालनमा रहेका विद्यालयहरुको ब्यवस्थापन समितिका पदाधिकारीहरुलाई विद्यालयको राम्रो ब्यवस्थापन गरेका नमूना विद्यालयको अवलोकन भ्रमण गराउने ।अवलोकनमा पाइएका अशल अभ्यासहरु विद्यालयमा कार्यान्वयन गर्न लगाउने । | पूर्वखोला गाउँपालिका।<br>वि ब्य स का पदाधिकारीहरु | प्रगति प्रतिवेदन ।<br>सहभागी पदाधिकारीहरुको विवरण । |

३२. कार्यक्रमः विद्यार्थीहरुका लागि वालविवाह न्यूनिकरण,मनोसामाजिक तथा शैक्षिक परामर्श कार्यक्रम

खर्च शिर्षकः २२५२२

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **विद्यार्थीहरुका लागि वालविवाह न्यूनिकरण,मनोसामाजिक तथा शैक्षिक परामर्श कार्यक्रमः**<br>गाउँपालिका भित्र सन्चालनमा रहेका माध्यामिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि १ दिने वालविवाह न्यूनिकरण, मनोसामाजिक तथा शैक्षिक परामर्श कार्यक्रम सन्चालन गर्ने । | पूर्वखोला गाउँपालिका।<br><br>गा पा भित्रका माध्यमिक विद्यालयहरु | प्रगति प्रतिवेदन ।<br>सहभागी विद्यार्थी विवरण । |

३३. कार्यक्रमः विद्यालय आमा अभिभावक समूह आयआर्जन कार्यक्रम खर्च शिर्षकः २२५१२

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| **विद्यालय आमा अभिभावक समूह आयआर्जन कार्यक्रमः**<br>१. गाउँपालिका भित्र सन्चालनमा रहेका माध्यामिक विद्यालयका आमा अभिभावकहरुको समूह गठन गर्ने ।<br>२. आमा अभिभावकहरुको समूह भेला गरि विद्यार्थीहरुको पढाईको वारेमा छलफल अन्तरक्रिया गर्ने ।<br>३. आमा अभिभावकहरुको समूहमा करेसावारी सन्चालन तथा आयआर्जका लागि मोटिभेट गर्ने साथै करेसावारी सन्चालनका विउविजन सहयोगका लागि कृषि शाखा सँग समन्वय गर्ने । | पूर्वखोला गाउँपालिका।<br><br>विद्यालयहरु । | प्रगति प्रतिवेदन ।<br>आमा अभिभावक समूह विवरण र कार्यक्रममा उपस्थिति विवरण। |

३४. कार्यक्रमः नेपाल स्काउट सम्वन्धि पूनर्ताजगि तालिम खर्च शिर्षकः २२५१२

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **नेपाल स्काउट सम्वन्धि पूनर्ताजगि तालिमः**<br>गाउँपालिका भित्र सन्चालनमा रहेका आधारभूत र माध्यमिक विद्यालयका यस अघि ५ दिन ६ रातको स्काउटको आधारभूत तालिम प्राप्त गरि विद्यालयमा स्काउट समूह सञ्चालन गरेका स्काउट शिक्षक र शिक्षिकाहरुलाई स्काउट सम्वन्धि पूनर्ताजगि तालिम सन्चालन गर्ने । | पूर्वखोला गाउँपालिका।<br>यस अघि तालिम लिएका विद्यालय र शिक्षकहरु । | प्रगति प्रतिवेदन ।<br>तालिममा सहभागिहरुको विवरण । |

३५. कार्यक्रमः विद्यालय शिक्षक शैक्षिक डायरी वितरण कार्यक्रम खर्च शिर्षकः २२५२२

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **विद्यालय शिक्षक शैक्षिक डायरी वितरण कार्यक्रमः**<br>गाउँपालिका भित्र कार्यरत शिक्षकहरुका लागि शिक्षक डायरी तयारी तथा छपाई गरि वितरण गर्ने । | पूर्वखोला गाउँपालिका।<br><br>विद्यालयहरु । | प्रगति प्रतिवेदन ।<br>डायरी प्राप्त गर्ने शिक्षकहरुको विवरण । |

३६. कार्यक्रमः स्थानीय मगर भाषा विकास तथा संरक्षण कार्यक्रम खर्च शिर्षकः २२५२२

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **स्थानीय मगर भाषा विकास तथा संरक्षण कार्यक्रमः**<br>गाउँपालिका भित्र वहुसख्यकले प्रयोग गर्ने मगर भाषा संरक्षणका लागि तपसिल अनुसारको कार्यक्रम सन्चालन गर्ने ।<br>तपसिल | पूर्वखोला गाउँपालिका। | प्रगति प्रतिवेदन ।<br>कक्षा सञ्चालन अनुमति । |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

| | | |
|---|---|---|
| १. प्राथमिक तहमा सवै मगर भाषी विद्यार्थी र मगर समुदाय मात्र भएका विद्यालयलाई मगर भाषाको कक्षा सन्चालन गर्न इच्छुक विद्यालय छनौट गर्ने ।<br>२. छनौट गरिएका विद्यालयको कक्षा र विषय खुल्ने गरि मगर भाषाको पाठ्यक्रम। पाठ्यपुस्तक लागू गर्न अनुमति दिने ।<br>३. अनुमति प्राप्त विद्यालयका शिक्षकहरुका लागि मगर भाषा शिक्षण सम्वन्धि तालिम दिने। ब्यवस्था मिलाउने ।<br>४. मगर भाषाको पाठ्यपुस्तक अध्ययन गर्ने विद्यार्थीका लागि पाठ्यक्रम र पाठ्यपुस्तक खरिद गरि वितरण गर्ने । | मगरभाषा सन्चालन गर्न इच्छुक विद्यालयहरु । | मगर भाषा अध्ययनरत विद्यार्थीको विवरण । |

३७. कार्यक्रमः प्राथमिक तहमा वहुकक्षा शिक्षण तालिम कार्यक्रम खर्च शिर्षकः २२५२२

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| प्राथमिक तहमा वहुकक्षा शिक्षण तालिम कार्यक्रमः<br>गाउँपालिका भित्रका प्राथमिक तहमा शिक्षण गर्ने शिक्षकहरुका लागि वहुकक्षा शिक्षण सम्वन्धि तालिम कार्यक्रम सञ्चालन गर्ने । | पूर्वखोला गाउँपालिका।<br><br>विद्यालयहरु । | प्रगति प्रतिवेदन ।<br>तालिममा सहभागिको विवरण । |

३८. कार्यक्रमः विद्यालय स्तरिय योजना निर्माण सम्वन्धि कार्यशाला खर्च शिर्षकः २२७११

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| विद्यालय स्तरिय योजना निर्माण सम्वन्धि कार्यशालाः<br>विद्यालयका प्रधानाध्यापक र विद्यालय ब्यवस्थापन समितिका अध्यक्षहरुका लागि विद्यालय स्तरिय योजनाहरु (SIP,TIP,SDP ,Annual Plan Etc.) निर्माण सम्वन्धि तालिम सन्चालन गर्ने । | पूर्वखोला गाउँपालिका।<br><br>विद्यालयहरु । | प्रगति प्रतिवेदन ।<br>तालिममा सहभागिको विवरण । |

३९. कार्यक्रमः विद्यालय वातावरण सुधार कार्यक्रम (फूलवारी तथा सरसफाइ )

खर्च शिर्षकः ३११५८

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| विद्यालय वातावरण सुधार कार्यक्रम (फूलवारी तथा सरसफाइ ) | | प्रगति प्रतिवेदन । |



सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

| | | |
|---|---|---|
| विद्यालयको वातावरण सफा हराभरा र सुन्दर वनाउनका लागि विद्यालयलाई फूलवारी तथा सरसफाइ व्यवस्थापन राम्रो गर्न लगाउने ।फूलवारी तथा सरसफाई राम्रो गर्ने विद्यालयहरुका लागि फूल,गमला तथा डस्टविन खरिदका लागि विल भर्पाइका आधारमा रु. ५००० अनुदान उपलब्ध गराउने । | पूर्वखोला गाउँपालिका।<br><br>गा पा भित्रका कार्यक्रममा सहभागि विद्यालयहरु | अनुदान प्राप्त गर्ने विद्यालयको विवरण तथा विल भर्पाई र तस्विर । |

४०. कार्यक्रमः वि ब्य स पदाधिकारी तालिम कार्यक्रम खर्च शिर्षकः २२५२२

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **वि ब्य स पदाधिकारी तालिम कार्यक्रमः**<br>वि ब्य स पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम सञ्चालन गर्ने । तालिममा सहभागी पदाधिकारीहरुलाई खाना खाजा तथा नियमानुसार भत्ता उपलब्ध गराउने । | पूर्वखोला गाउँपालिका।<br><br>वि ब्य स पदाधिकारीहरु । | प्रगति प्रतिवेदन ।<br><br>तालिममा सहभागिहरुको विवरण । |

४१. कार्यक्रमः प्राथमिक विद्यालयमा साझेदारीमा ल्यापटप , प्रोजेक्टर तथा ICT सामाग्री ब्यवस्थापन कार्यक्रम खर्च शिर्षकः ३११२२

| कार्यक्रम र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **प्राथमिक विद्यालयमा साझेदारीमा ल्यापटप , प्रोजेक्टर तथा ICT सामाग्री ब्यवस्थापन कार्यक्रमः**<br>साझेदारीमा ICT सामाग्री खरिद तथा ब्यवस्थापनका लागि तपसिल अनुसार गर्ने ।<br>१. लागतको ६० प्रतिसत गाउँपालिका र ४० प्रतिसत विद्यालयको साझेदारी हुने ।<br>२. विद्यालयले विद्यालय ब्यवस्थापन समितिको निर्णयका साथमा कुन ICT सामाग्री आवश्यक हो सो खुलाइ लागतको ४० प्रतिशत रकम साझेदारी गर्ने प्रतिवद्धता सहितको निर्णय र पत्र गाउँपालिकामा पेश गर्ने ।<br>३. विद्यालयले आवश्यक ICT सामाग्री माग गर्दा त्यसको Specification सहित खुलाउनु पर्ने । | पूर्वखोला गाउँपालिका ।<br><br>विद्यालय तथा विद्यालय ब्यवस्थापन समिति । | कार्यक्रम प्रगति प्रतिवेदन ।<br><br>सामाग्री ब्यवस्थापन सम्वन्धि कागजात । |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



नुन बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| ४. विद्यालयहरुले गाउँपालिकाले तोकेको खातामा लागतको अनुमानित ४० प्रतिसत रकम जम्मा गर्ने वा साझेदारीमा कार्यक्रम सन्चालन गर्न उपयूक्त विधिको अपनाउने ।<br>५. गाउँपालिकाले विद्यालयहरुले माग गरेको सामान खरिद गरि विद्यालयहरुलाई हस्तान्तरण गर्ने ।<br>६. सामाग्रीहरुको जिन्सी दाखिला तथा हस्तान्तरण लगायतका काम गाउँपालिकाले गर्ने ।<br>७. विद्यालयले पनि जिन्सी अभिलेख राखि सामाग्रीको समुचित प्रयोग गर्ने ।<br>८. साझेदारीको ६०।४० प्रतिसत रकम मिलान गर्नु पर्ने । | | |

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष